यो आकाशवाणी हो।

समाचार अबिगेल राईबाट सुन्नुहोस्।

June 1st, 2025 Sunday

प्रमुख समाचार:

- बाढी र पहिरो प्रभावित पूर्वोत्तरका राज्यहरूलाई आवश्यक सबै सहायता दिन केन्द्र सरकार तयार रहेको केन्द्रीय गृहमन्त्री श्री अमित शाहको आश्वासन
- हिजोदेखि परेको अविरल वर्षाका कारण पूर्वोत्तर राज्यहरूमा पहिरो जाँदा २७ जनाको मृत्यु; आगामी सात दिनसम्म यस क्षेत्रमा भारी वर्षा हुने मौसम विभागको पूर्वानुमान
- अपरेशन सिन्दूर अन्तर्गत आतंकवाद विरुद्ध भारतको दृढ अडान स्पष्ट पार्न संसद सदस्यहरूको सात सर्वदलीय प्रतिनिधिमण्डल विभिन्न देशहरूको भ्रमणमा अनि
- आईपीएल क्रिकेटमा, पाँच पटकको च्याम्पियन मुम्बई इन्डियन्सले आज साँझ अहमदाबादमा पञ्जाब किंग्ससँग प्रतिस्पर्धा गर्दै

Amit Shah – NE CMs

केन्द्रीय गृहमन्त्री अमित शाहले पूर्वोत्तरका चार राज्यहरू- असम, मणिपुर, सिक्किम र अरुणाचल प्रदेशका मुख्यमन्त्रीहरूलाई सम्पर्क गर्नुभएको छ। उहाँले भारी मनसुनी वर्षाका कारण यस क्षेत्रले गम्भीर बाढी र पहिरोसँग जुधिरहेको बेला पूर्ण सहयोग प्रदान गर्ने आश्वासन दिंनुभयो। श्री शाहले राज्यका नेताहरूसँग कुरा गर्दै केन्द्र सरकारले आवश्यक सबै सहयोग प्रदान गर्ने वाचा गर्नुभयो। उहाँले भन्नुभयो, मोदी सरकार पूर्वोत्तरका जनताको समर्थनमा चट्टान जस्तै उभिएको छ। NDRF, SDRF, अग्निशमन सेवाहरू र स्थानीय अधिकारीहरू लगायत उद्धार टोलीहरू प्रभावितहरूलाई मद्दत गर्न चौबीसै घण्टा काम गरिरहेका छन्। थप

वर्षाको सम्भावना भएकोले, अधिकारीहरू उच्च सतर्कतामा छन् र क्षति कम गर्न अनि राहत वितरण गर्न निरन्तर प्रयास गरिरहेका छन्।

१. North East - Rainfall

पूर्वोत्तरका छ राज्यहरूमा मध्यमदेखि भारी वर्षाले सामान्य जनजीवनलाई नराम्ररी प्रभावित बनाएको छ। अधिकारीहरूले हिजोदेखि भारी वर्षाका कारण पहिरो जाँदा, घर भत्कि ँदा र डुब ानमा पर्दा २७ जनाको मृत्यु भएको पुष्टि गरेका छन्। बंगालको खाडीमा आएको दबाबका कारण भारी वर्षा भएको हो। ज्यान गुमाउने २७ जनामा अरुणाचल प्रदेशका नौ, मेघालयका छ, आसाम र मिजोरमका पाँच-पाँच र त्रिपुरा र नागाल्याण्डका एक-एक जना छन्। वर्षा र पहिरोका कारण यस क्षेत्रका धेरै जिल्लाहरूमा यातायात सुविधा र सञ्चार नराम्ररी प्रभावित भएको छ।

२. IMD Forecast

यसैबीच मौसम विभागले आगामी ७ दिनमा देशको पूर्व ोत्तर भागमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। साथै, दक्षिणी प्रायद्वीपीय भारतको केरला, माहे र कर्नाटकमा बुधबारसम्म मेघगर्जन, तेज हावा र चट्याङसहित भारी वर्षा हुने पूर्वानुमान गर ेको छ। बुधबारसम्म जम्मू, कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबाद, हिमाचल प्रदेश, उत्तराखण्ड, पञ्जाब, हरियाणा, चण्डीगढ र दिल्लीमा पनि यस्तै अवस्थाको पूर्वानुमान गरिएको छ।

३. PM-ADB-Prez Meet

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा एसियाली विकास बैंकका अध्यक्ष मसातो कान्डासँग भेट गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै प्रधानमन्त्रीले विगत एक दशकमा भारतको द्रुत रूपान्तरणले अनगिन्ती मानिसहरूलाई सशक्त बनाएको र यस यात्रामा थप गति दिने काम भइरहेको बताउनुभयो।

सामाजिक सञ्जालमा जानकारी साझा गर्दै श्री कान्डाले भन्नुभयो, विकसित भारत २०४७ को दृष्टिकोण साहसिक छ, र एडीबीले त्यो महत्वाकांक्षालाई समर्थन गरिरहेको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ.... Signature Tune

४. Amit Shah – Kolkatta Forensic

गृहमन्त्री अमित शाहले भन्नुभएको छ, केन्द्र सरकारले फौजदारी न्याय प्रणालीमा फोरेन्सिक प्रमाण-आधारित दृष्टिकोणलाई प्राथमिकता दिइरहेको छ। कोलकाताको राजेरहाटमा नयाँ केन्द्रीय फोरेन्सिक विज्ञान प्रयोगशाला भवनको उद्घाटन गर्दै, श्री शाहले फोरेन्सिक पूर्वाधारको पुनरुद्धार यस प्रयासको एक महत्त्वपूर्ण भाग हो भन्नुभयो । उहाँले थप भन्नुभयो,

बाइट (अमित शाह)

५. All Party Meeting-Operationa Sindoor

अपरेशन सिन्दूर अन्तर्गत आतंकवाद विरुद्ध भारतको दृढ अडान स्पष्ट पार्न संसद सदस्यहरूको सात सर्वदलीय प्रतिनिधिमण्डल विभिन्न देशहरूको भ्रमणमा छन्। प्रतिनिधिमण्डलहरूले कुनै पनि प्रकारको आतंकवादप्रति शून्य सहनशीलता राख्ने भारतको दृढ सन्देश दिइरहेका छन्। शशी थरूरको नेतृत्वमा रहेको प्रतिनिधिमण्डल ब्राजिलको आधिकारिक भ्रमणको लागि आज ब्राजिलिया पुगेको छ। शिव सेना सांसद श्रीकान्त शिन्देको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डल लाइबेरियामा छ। जनता दल युनाइटेडका सांसद संजय कुमार झाको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डल मलेसियाको क्वालालम्पुर पुगेको छ। भाजपा सांसद रविशंकर प्रसादको नेतृत्वमा रहेको सांसदहरूको प्रतिनिधिमण्डल लन्डन पुगेको छ। DMK सांसद के. कनिमोझीको नेतृत्वमा सर्वदलीय प्रतिनिधिमण्डल म्याड्रिड पुगेको छ। राष्ट्रिय कांग्रेस पार्टीकी सांसद सुप्रिया सुलेको नेतृत्वमा सर्वदलीय प्रतिनिधिमण्डल इथियोपियाको भ्रमणमा छ।

६. 78th Indepedence Day Competition

सरकारले ७८ औं स्वतन्त्रता दिवसको अवसरमा आजदेखि युवा प्रतिभाहरूका लागि विभिन्न प्रतियोगिताहरू आयोजना गर्दैछ। पहिलो प्रतियोगितामा द्विभाषी निबन्ध प्रतियोगिता राखिएको छ। दोस्रो प्रतियोगितामा, सामाजिक सञ्चालक ा प्रयोगकर्तालाई भारतीय स्वतन्त्रताको कुनै पनि स्मारक र स्थलको भिडियो र रिलहरू सिर्जना गर्न आमन्त्रित गरिएको छ। यसैबीच, नयाँ भारत सशक्त भारत विषयवस्तुमा आधारित चित्रकला प्रतियोगिता पनि आयोजना गरिने छ। यस बारे थप जानकारी MyGov वेबसाइटमा उपलब्ध छ।

७. India - Mangolia

भारत-मंगोलिया संयुक्त सैन्य अभ्यास-नोमाडिक एलिफन्टको १७ औं संस्करण हिजो मंगोलियाको राजधानी उलानबाटारमा रहेको विशेष सैन्य प्रशिक्षण केन्द्रमा सुरु भयो। यो ज ून १३ सम्म जारी रहनेछ।

८. World Milk Day

आज विश्व दूध दिवस हो। जीविकोपार्जनको प्रमुख स्रोतको रूपमा दूधको महत्त्वलाई रेखांकित गर्न यो दिन मनाइन्छ। विश्वव्यापी रूपमा, दूध उत्पादन प्रति वर्ष दुई प्रतिशतको दरले बढिरहेको छ, तर भारतमा यसको वृद्धि दर पाँच दशमलव सात प्रतिशत छ। आज विश्वको दूध उत्पादनको एक चौथाई भारतमा हुन्छ।

१०.Uttarakhand – Valley of Flowers

उत्तराखंडको चमोली जिल्लाको उच्च हिमालयी उपत्यकाहरूमा अवस्थित फूलहरूको उपत्यका अर्थात् भ्याली अफ फ्लावर्स, राष्ट्रिय निकुञ्ज, आजदेखि पर्यटक र प्रकृति प्रेमीहरूको लागि खुला गरिएको छ। युनेस्कोद्वारा विश्व प्राकृतिक सम्पदा घोषित यो उपत्यकामा विभिन्न रंगीन फूलहरूको आनन्द लिन हरेक वर्ष हजारौं पर्यटकहरू आउने गर्छन्।

११.Miss World

थाइल्याण्डकी २२ वर्षीया ओपल सुचाता चुआंगश्री 'मिस वर्ल्ड' बनेकी छिन्। हैदराबादमा भएको ७२ औं मिस वर्ल्ड प्रतियोगितामा इथियोपियाले पहिलो उपविजेता र पोल्याण्डले दोस्रो उपविजेताको उपाधि हात पारेका छन्। प्रतियोगितामा विश्वभरका सयभन्दा बढी प्रतियोगीहरूको सहभागिता रहेको थियो।

१२.Sports News

आईपीएल क्रिकेटको दोस्रो छनोटमा, पाँच पटकको च्याम्पियन मुम्बई इन्डियन्सले आज अहमदाबादमा पञ्जाब किंग्ससँग प्रतिस्पर्धा गर्नेछ। खेल साँझ ७.३० बजे सुरु हुनेछ। विजेता टोलीले मंगलबार अहमदाबादमा हुने फाइनलमा रोयल च्यालेन्जर्स बैंगलोरसँग खेल्नेछ। फुटबलमा, फ्रान्सेली क्लब पेरिस सेन्ट-जर्मेन (PSG) ले UEFA च्याम्पियन्स लिगको उपाधि जितेको छ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

१. बाढी र पहिरो प्रभावित पूर्वोत्तरका राज्यहरूलाई आवश्यक सबै सहायता दिन केन्द्र सरकार तयार रहेको केन्द्रीय गृहमन्त्री श्री अमित शाहको आश्वासन
२. हिजोदेखि परेको अविरल वर्षाका कारण पूर्वोत्तर राज्यहरूमा पहिरो जाँदा २७ जनाको मृत्यु; आगामी सात दिनसम्म यस क्षेत्रमा भारी वर्षा हुने मौसम विभागको पूर्वानुमान
३. अपरेशन सिन्दूर अन्तर्गत आतंकवाद विरुद्ध भारतको दृढ अडान स्पष्ट पार्न संसद सदस्यहरूको सात सर्वदलीय प्रतिनिधिमण्डल विभिन्न देशहरूको भ्रमणमा अनि
४. आईपीएल क्रिकेटमा, पाँच पटकको च्याम्पियन मुम्बई इन्डियन्सले आज साँझ अहमदाबादमा पञ्जाब किंग्ससँग प्रतिस्पर्धा गर्दै

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।